आज मिति २०८१ साल फागुन २२ गते बिहीवारका दिन दिउसो १ बजे यस नीलकण्ठ नगरपालिकाका नगर प्रमुख श्री भीमप्रसाद ढुंगानाज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहायका निर्णय गरियो।

उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भीमप्रसाद ढुंगाना | नगर प्रमुख | |
| २ | श्री दिपक विश्वकर्मा | उप प्रमुख | |
| ३ | श्री पुरुषोत्तम सुवेदी | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | श्री प्रकाश कुमार श्रेष्ठ | प्रवक्ता/वडा अध्यक्ष | |
| ५ | श्री गणेश बहादुर गुरुङ | वडा अध्यक्ष | |
| ६ | श्री ध्वजबहादुर गुरुङ | वडा अध्यक्ष | |
| ७ | श्री राजकुमार श्रेष्ठ | वडा अध्यक्ष | |
| ८ | श्री हरि बहादुर श्रेष्ठ | वडा अध्यक्ष | |
| ९ | श्री राम बहादुर श्रेष्ठ | वडा अध्यक्ष | |
| १० | श्री भुपेन्द्र कुमार श्रेष्ठ | वडा अध्यक्ष | |
| ११ | श्री गौतमहरि अधिकारी | वडा अध्यक्ष | |
| १२ | श्री राजन बराइली | वडा अध्यक्ष | |
| १३ | श्री सरोज पाण्डे | वडा अध्यक्ष | |
| १४ | श्री राम बहादुर श्रेष्ठ | वडा अध्यक्ष | |
| १५ | श्री धर्मराज भण्डारी | वडा अध्यक्ष | |
| १६ | श्री सोम बहादुर गुरुङ | वडा अध्यक्ष | |
| १७ | श्री नमराज दुवाडी | वडा अध्यक्ष | |
| १८ | श्री चिनामाया श्रेष्ठ | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १९ | श्री रासी नेपाली | कार्यपालिका सदस्य | |
| २० | श्री लक्ष्मण रन्तेल | कार्यपालिका सदस्य | |
| २१ | श्री शान्ता थापा | कार्यपालिका सदस्य | |
| २२ | श्री छनुमाया गुरुङ | कार्यपालिका सदस्य | |
| २३ | श्री मञ्जु मगर | कार्यपालिका सदस्य | |
| २४ | श्री विशाल रोक्का | कार्यपालिका सदस्य | |
| २५ | श्री राजन अधिकारी | कार्यवाहक अध्यक्ष | |

आमन्त्रित उपस्थिति

१. श्री छवी प्रसाद आम्री, वडा सदस्य, नी.नं.पा.८
२. श्री रेशम बहादुर दर्लामी, वडा सदस्य, नी.नं.पा.६
३. श्री लोकनाथ उपाध्याय, प्र.अ.
४. श्री सरोज तिवारी, वरिष्ठ सहायक
५. श्री प्रदिप [illegible], अमिन
६. श्री दान बहादुर [illegible], अमिन

छलफलका विषयहरु:

१. भु क्षेत्र वर्गीकरण सम्बन्धमा।

२. विविध सम्बन्धमा।

मितिः २०८१।११।२२ गते

<u>बैठकमा छलफलका विषयहरुः</u>

१. भु-वर्गिकरणका सम्वन्धमा।

२. कृत्रिम पोखरी निर्माणका लागि लागत साझेदारी रकमको सुनिश्चितता गर्ने सम्वन्धमा।

३. वैदेशिक भ्रमणका लागि मनोनयन गर्ने सम्वन्धमा

४. नगरपालिकाको भौगोलिक सिमाना भित्रको बृहत सांस्कृतिक अध्ययन गर्ने सम्वन्धमा।

५. आर्थिक वर्ष २०८२/२०८३ का लागि प्रदेश सरकारमा पेश गर्ने समपुरक र बिषेश अनुदानका लागि योजना तथा कार्यक्रम छनौट गर्ने सम्वन्धमा।

६. उत्पादनमा आधारित दुधमा प्रोत्साहन अनुदान निर्देशिका, २०८१ का सम्वन्धमा।

७. योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने सम्वन्धमा।

८. योजना तथा कार्यक्रमहरु संशोधन गर्ने सम्वन्धमा।

९. कार्यपालिका बैठकका निर्णयहरु समिक्षा गर्ने सम्वन्धमा।

१०. अन्य विविध विषयहरुका सम्वन्धमा।

नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको बैठक

मिति: २०८१।११।२२ गते

## निर्णयहरु:

१. भू-वर्गीकरणका सम्बन्धमा:

मिति २०८१ फाल्गुण २२ गतेको स्थानीय भू-उपयोग परिषद् बाट स्वीकृत भइ कार्यान्वयनका लागि प्राप्त भएको नगरपालिका भित्रका जग्गाहरुको भू-वर्गीकरणको तथ्याङ्क सहितको प्रतिवेदन अनुमोदन गर्दै कार्यान्वयनका लागि अगाडि बढाउने निर्णय गरियो।

२. कृत्रिम पोखरी निर्माणका लागि लागत साझेदारी रकमको सुनिश्चितता गर्ने सम्बन्धमा।

यस नगरपालिका अन्तर्गत वडा नं.८ स्यौत रामकोट अधेरीमा चालु आ.व.२०८१/०८२ मा कार्यान्वयन हुने गरी गण्डकी जलाधार जलवायु उत्थानशील आयोजना (संघीय सरकार) अन्तर्गत संघीय जलाधार व्यवस्थापन श्रोत केन्द्र, कुलेखानी, मकवानपुर र भू तथा जलाधार कार्यालय, धादिङको जलाधार पोखरी संरक्षण निर्माण (प्रदेश सरकार) र स्थानीय सरकार अन्तर्गत यस नगरपालिकाको समेतको लगानीमा कृत्रिम पोखरी निर्माणका लागि त्रीपक्षिय सम्झौता गरी उक्त आयोजना सञ्चालनका लागि यस नगरपालिकाको चालु आ.व.मा कार्यान्वयन हुने गरी विनियोजन भएको अन्य सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेख्ने गरी नगरपालिकाबाट रु ५ लाख लागत साझेदारी व्यहोर्ने प्रतिवद्धता सहित आयोजना कार्यान्वयनका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो।

३. वैदेशिक भ्रमणका लागि मनोनयन गर्ने सम्बन्धमा:

Global conference for a caste free world (CFWC) द्वारा आयोजित caste free world (CFWC 2025) सहभागीताका लागि निमन्त्रणा पत्र प्राप्त भएको हुदाँ यस नगरपालिकाका नगर उपप्रमुख श्री दिपक विश्वकर्मालाई मिति मे २५ देखी मे २७, २०२५ मा Canadian Convention, 79 Bramsteele Rd, Brampton,ON L6W, Canada मा हुने विश्व सम्मेलनमा यस नगरपालिकालाई कुनै आर्थिक व्ययभार नपर्ने गरी सहभागीताका लागि मनोनयन गर्ने निर्णय गरियो। साथै वैदेशिक भ्रमण स्वीकृतिका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय समक्ष सिफारिस गर्ने निर्णय गरियो।

४. नगरपालिकाको भौगोलिक सिमाना भित्रको बृहत सांस्कृतिक अध्ययन गर्ने सम्बन्धमा:

नीलकण्ठ नगरपालिकाको १४ वटै वडामा बसोवास गर्ने विभिन्न जातिको पहिचान गरी ती प्रत्येक जातिमा प्रचलित मौलिक मूर्त, अमूर्त संस्कृति (मौलिक भाषा, खानपान, भेषभुषा, गीत-संगीत, धर्म-कर्म, शीपकला, चिन्तन-मनन, पेशा व्यवसाय, लोकउपचार, लोकविश्वास, लोकसाहित्य, लोकपरम्परा आदि) को सर्वेक्षण, अध्ययनका लागि आवश्यक प्रकृया अगाडि बढाउने निर्णय गरियो। नीलकण्ठ नगरपालिकामा बसोवास गर्ने विभिन्न जातजातिमा प्रचलित संस्कृतिहरूको अवस्था के कस्तो छ र ती संस्कृतिहरूलाई संरक्षण गरी सांस्कृतिक, धार्मिक, पर्यटन र आर्यआर्जनसँग जोडेर यस नगरपालिकालाई कसरी समृद्धशाली बनाउन सकिन्छ र यस नगरपालिकाभित्र रहेका प्राकृतिक स्रोतसाधनहरूको समुचित उपभोग गरी कसरी त्यस्ता स्रोत/साधनहरूलाई विकासका आधार बनाउन सकिन्छ भन्ने आधार पहिल्याउन यस प्रकारको अध्ययन आवश्यक रहेको हुदाँ चालु आ.व.को सेवा तथा परामर्श खर्च शीर्षकमा विनियोजन भएको रकम रु १० लाख मध्ये रु ५ लाख विनियोजन गरी यस प्रकारको अध्ययन अनुसन्धानका लागि आवश्यक सम्पूर्ण प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। साथै यस अध्ययनका निमित्त तयार भएको कार्यक्षेत्रगत सर्त तथा कार्य विवरण स्वीकृत गर्ने निर्णय गरियो।

५. आर्थिक बर्ष २०८२/२०८३ का लागि प्रदेश सरकारमा पेश गर्ने समपुरक र बिषेश अनुदानका लागि योजना तथा कार्यक्रम छनौट गर्ने सम्बन्धमा:

यस नगरपालिकामा आ.ब. २०८२/०८३ मा कार्यान्वयन हुनेगरी प्रदेश समपूरक अनुदान र विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना/कार्यक्रमका लागि यस बैठकमा छलफल हुँदा तपसिल बमोजिमका आयोजनाहरु चालु आ.व.२०८१/०८२ मा कार्यान्वयन हुने गरी प्रदेश सरकार समक्ष पेश भएकोमा समपुरक तर्फका आयोजनाहरु प्रदेश सरकारबाट स्वीकृत भई कार्यान्वयनको अवस्थामा रहेको हुदाँ सोही आयोजनाहरुलाई आ.ब. २०८२/०८३ मा सम्पुरक तर्फ निरन्तरता दिने र विशेष

तर्फका थप नयाँ दुई योजनाहरु कार्यान्वयन हुने गरी आर्थिक मामिला तथा योजना मन्त्रालय समक्ष प्रस्ताव पेश गर्ने निर्णय गरियो।

क. प्रदेश समपुरक अनुदानको लागि माग पठाउने योजनाहरु:

तालिका नं. १

| प्रथामिकता क्रम | आयोजनाको नाम ठेगाना | लागत रु २०८२/०८३ | | जम्मा लागत | अवधी | कैफियत |
|---|---|---|---|---|---|---|
| | | न.पा.को साझेदारी | समपुरक अनुदान | | | |
| १. | हनुमानढाका राममन्दिर हुँदै जाने कृषि सडक स्तरोउन्नती, नी.न.पा.१० | १ करोड ८० लाख | १ करोड २० लाख | ३ करोड | १ वर्ष | |
| २. | घिमिरेजङ्गा,देउराली, ओपस्वारा, चट्टुवा लोर्के पहारो मधुवनसम्म सडक स्तरोउन्नती नी.न.पा.१२ र १३ | १ करोड ८० लाख | १ करोड २० लाख | ३ करोड | १ वर्ष | |
| ३. | गोलाभञ्ज्याङ चामभञ्ज्याङ सडक स्तरोउन्नती | १ करोड ८० लाख | १ करोड २० लाख | ३ करोड | १ वर्ष | |

ख. प्रदेश विशेष अनुदानको लागि माग पठाउने योजनाहरु:

तालिका नं. २

| प्रथामिकता क्रम | योजनाको नाम, ठेगाना | लागत रु २०८२/०८३ | जम्मा लागत रु | अवधी | कैफियत |
|---|---|---|---|---|---|
| १. | दलित बस्ति निगालपानी खा.पा. योजना (नी.न.पा.९) | १ करोड | १ करोड | १ वर्ष | |
| २. | तल्लो भुलभुले वस्ती संरक्षण नी.न.पा.२ | १ करोड | १ करोड | १ वर्ष | |

६. उत्पादनमा आधारित दुधमा प्रोत्साहन अनुदान निर्देशिका, २०८१ का सम्बन्धमा:

दुध उत्पादनमा संलग्न कृषकहरुमा दुधको उत्पादन तथा उत्पादकत्व बढाई नीलकण्ठ नगरपालिकालाई दुधमा आत्मनिर्भर बनाउने उद्देश्यले नगरपालिका, संघ तथा प्रदेश सरकारबाट दिइने उत्पादनमा आधारित दुधमा प्रोत्साहन अनुदान वितरण कार्यक्रम सञ्चालनका लागि पारदर्शिता कायम गरी व्यवस्थित रुपमा सञ्चालन तथा व्यवस्थापनका लागि तयार पारिएको उत्पादनमा आधारित दुधमा प्रोत्साहन अनुदान निर्देशिका, २०८१ उपर छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो।

७. योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने सम्बन्धमा:

यस नगरपालिकाको दोस्रो नगर सभाको पाँचौ अधिवेशनको निर्णय नं. ३४ र ऐ.ऐ नगर सभाबाट स्वीकृत विनियोजन ऐन, २०८१ को दफा (३) को उपदफा (२) र (३) अनुसार

नगर प्रमुखज्यूलाई प्रत्यायोजित अधिकार अनुसार नगर सभाको विनियोजित वजेटको सीमामा रही तत्काल कार्यान्वयन कार्यान्वयन गरिएका योजना तथा कार्यक्रमहरु स्वीकृत गर्ने एवम् पूर्वाधार विकास समितिवाट विभिन्न मितिमा सिफारिस भै आएका तत्काल कार्यान्वयन गर्नुपर्ने योजना तथा कार्यक्रमहरुका सम्वन्धमा छलफल गरी तत्काल कार्यान्वयन गर्नुपर्ने योजना तथा कार्यक्रमहरुं अन्य सार्वजनिक निर्माण शीर्षकवाट विनियोजन गरी कार्यान्वनय गर्ने निर्णय गरियो। साथै उक्त योजना तथा कार्यक्रमहरु अनुमोदनका लागि आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो।

तपसिल

तालिका- १

| अन्य सार्वजनिक निर्माण शीर्षकवाट विनियोजित योजना तथा कार्यक्रमहरु | | | | |
|---|---|---|---|---|
| सि.न. | योजना तथा कार्यक्रमको नाम | विनियोजित रकम | ठेगाना | कैफियत |
| १ | अल्छिडाँडा देखी उचेत सम्म सडक स्तरोउन्नती | ५००००० | नी.न.पा.१३ | |
| २ | गैरीगाउँ सामुदायिक भवन मर्मत | ४००००० | नी.न.पा.८ | |
| ३ | तल्लो ज्यामिरे सडक स्तरोउन्नती | ४००००० | नी.न.पा.८ | |
| ४ | सालघोटे एकता मण्डली सडक स्तरोउन्नती | ५००००० | नी.न.पा.१२ | |
| ५ | पशुपती मा.वि.कम्पाउण्ड/शौचालय निर्माण | ८००००० | नी.न.पा.१२ | |
| ६ | देउराली मौवाटार कुहुले सडक स्तरोउन्नती | ८००००० | नी.न.पा.१२ | |
| ७ | शहिद स्मृती भवन निर्माण विसापानी (थप रकम) | ५००००० | नी.न.पा.२ | |
| ८ | समुटार आई.पि.एम. कृषक समुह अधुरो भवन निर्माण | ५००००० | नी.न.पा.७ | |
| ९ | गणेश मन्दिर र महादेव मन्दिर मर्मत | ५००००० | नी.न.पा.१३ | |
| १० | अर्रीखोला धुम्की डाँडा कुलो मर्मत | १५०००० | नी.न.पा.२ | |
| ११ | सुन्दर नगर टोल तल्लो क्षेत्रको सडक स्तरोउन्नती | ५००००० | नी.न.पा.४ | |
| १२ | माथिल्लो टोल खानेपानी मर्मत | १००००० | नी.न.पा.१२ | |
| १३ | सिम्लेवेशी गैरीगाँउ सडक निर्माण | २००००० | नी.न.पा.५ | |
| १४ | अमोर ओदालगैरी सिंचाइ कुलो मर्मत | २००००० | नी.न.पा.५ | |
| १५ | देउराली माझगाउँ सडक पहिरो नियन्त्रण | २००००० | नी.न.पा.५ | |
| १६ | प्रगतिटोल सडक ढलान | ६००००० | नी.न.पा.३ | |
| १७ | ज्यामिरे कोशीखोला सडक स्तरोउन्नती | ५००००० | नी.न.पा.५ | |
| १८ | डाँडागाउँ पुर्वेगाउँ हेलिपोर्ट सडक स्तरोउन्नती | ८००००० | नी.न.पा.१४ | |
| १९ | वघरे खेत सिंचाइ कुलो मर्मत | १२०००० | नी.न.पा.८ | |
| २० | रायटार अल्छिडाँडा शाखा सडक स्तरोउन्नती | १०००००० | नी.न.पा.४ | |

| | | | | |
|---|---|---|---|---|
| २१ | वडा कार्यालय म्याचिङ फण्ड तर्फ नगरपालिकाबाट थप रकम | ३००००० | नी.न.पा. | |
| २२ | साधुटार सार्वजनिक शौचालय सामाग्री खरिद | ४२५००० | नी.न.पा.८ | |
| २३ | वितविशी सडक ग्राबेल | १०००००० | नी.न.पा.८ | |
| २४ | ससाटार सडक स्तरोउन्नती | २००००० | नी.न.पा.८ | |
| २५ | बेलटारी कोलबोटे सडक स्तरोउन्नती (ढलान) | ५००००० | नी.न.पा.१२ | |
| २६ | सिमसार खोल्सी नियन्त्रण | ३४०००० | नी.न.पा.४ | |
| २७ | निगालपानी काफलपानी खानेपानी मोटर मर्मत | २००००० | नी.न.पा.९ | |
| २८ | नेपाल पर्यटन बोर्ड म्याचिङ फण्ड | १३००००० | नी.न.पा. | |
| २९ | बागेढुंगा झोलुङ्गेपुल मर्मत | १००००० | नी.न.पा.३ र ४ | |
| ३० | सातदोबाटे पोखरी डाँडा सडक स्तरोउन्नती | ५००००० | नी.न.पा.९ | |
| ३१ | बाडागाउँ सिढि निर्माण | ३०००० | नी.न.पा.११ | |
| ३२ | देवीस्थान मन्दिर मर्मत | २००००० | नी.न.पा.१४ | |
| ३३ | शिव मन्दिर निर्माण | २००००० | नी.न.पा.१३ | |
| ३४ | सते शक्ति मन्दिर निर्माण | २००००० | नी.न.पा.८ | |
| ३५ | आसिखोला गैरीखेत कुलो निर्माण | १२०००० | नी.न.पा.१२ | |
| ३६ | रम्तेल टोल तथा नेवारटोल सडक निर्माण | ५००००० | नी.न.पा.७ | |
| | **जम्मा रकम** | **१५५८५०००** | अक्षेरुपी एक करोड पच्पन्न लाख पचासि हजार | |

८. योजना तथा कार्यक्रमहरु संशोधन गर्ने सम्वन्धमा:

यस नगरपालिका अन्तर्गत आ.व. २०८१/०८२ मा कार्यान्वयन हुने नगर सभाबाट विनियोजित भएका तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरु आवश्यक संशोधन गरी कार्यान्वयन गर्ने र अनुमोदनका लागि यस पछि बस्ने नगर सभामा पेश गर्ने निर्णय गरियो।

तपसिल

तालिका नं.१

| सि.न | भएको योजनाको नाम | रकम | हुनुपर्ने नाम | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | रानागाउँ सामुदायि भवन निर्माण नी.न.पा.२ | ६००००० | १. पाँचघरे मन्दिर तथा ठैटी पदमार्ग निर्माण | ५००००० | |
| | | | २. सोरघर पदमार्ग निर्माण | १००००० | |
| २. | वडा कार्यालय सवारी साधन खरिद नी.न.पा.९ | ५००००० | १. वडा नं. ९ सिढी निर्माण | २००००० | |
| | | | २. आरानडाँडा पण्डितटोल गौरेटो बाटो निर्माण | २००००० | |
| | | | ३. आरुबोटे कुलो निर्माण | १००००० | |
| ३. | सवारी साधन खरिद तर्फ नी.न.पा.१३ | ५००००० | १. खानेपानी पाइप खरिद | ५००००० | |
| ४ | वडा नं.७ को महिलाहरुको लागि सिपमुलक तालिम नी.न.पा.७ | ४००००० | १. गृहिणि महिला सशक्तिकरण कार्यक्रम | २००००० | |
| | | | २. मखाइनस्थान स्थित ढाँडागाउँ देखी गैरीगाउ सम्म सिढि निर्माण | २००००० | |

९. अघिल्लो कार्यपालिकाको बैठकका निर्णयहरु समिक्षा गर्ने सम्बन्धमा:

मिति २०८१ साल फाल्गुण ०७ गते भएको नगर कार्यपालिकाको बैठकमा भएका देहाय बमोजिमका निर्णयहरु उपर छलफल तथा समिक्षा गरियो।

| क्रि.नं. | मिति २०८१/११/७मा भएका निर्णयहरु | कार्यान्वयनको अवस्था | कैफियत |
|---|---|---|---|
| १ | आर्थिक वर्ष २०८२/२०८३ का लागि संघीय सरकारमा पेश गर्ने समपुरक र विशेष अनुदानका लागि योजना तथा कार्यक्रम छनौट गर्ने सम्बन्धमा। | कार्यान्वयनका लागि सिफारिस गरिएको | |
| २ | भू-वर्गीकरणका सम्बन्धमा। | कार्यान्वियनको चरणमा रहेको | |
| ३ | स्थानीय तह वित्तिय जोखिम मूल्याङ्कन कार्यविधि,२०७७ बमोजिम यस नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ मा प्राप्त गर्ने अंकका सम्बन्धमा। | कार्यान्वियन गरिएको | |
| ४ | आँखु खोला तथा थोपल खोला किनारको नदीजन्य पदार्थ उत्खननको लागि प्रारम्भिक वातावरणीय परिक्षण गर्ने सम्बन्धमा। | कार्यान्वयनका लागि प्रक्रिया अगाडि बढाइएको | |
| ५ | युवा सँग उपमेयर कार्यक्रमको उपशीर्षकगत खर्च विभाजन स्वीकृत गर्ने सम्बन्धमा। | स्वीकृत भइ कार्यान्वनयको प्रक्रियामा रहेको | |
| ६ | दलित सशक्तिकरण कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा। | कार्यान्वियनको चरणमा रहेको | |
| ७ | जनप्रतिनिधि क्षमता विकास तालिमका सम्बन्धमा। | कार्यान्वियनको चरणमा रहेको | |
| ८ | थोपल खोला गुठगाउँ खानेपानी आयोजन सञ्चालनका सम्बन्धमा। | विनियोजित रकम दाखिला गरिएको | |
| ९ | सहलगानी खानेपानी तथा सरसफाइ आयोजना अन्तर्गत छुट भएका स्थान एवम् घरधुरीहरुमा पाइपलाइन तथा आवश्यक अन्य कार्यहरु समावेश गरी आयोजना कार्यान्वियन गर्न सिफारिस गर्ने सम्बन्धमा। | सम्बन्धित निकायमा कार्यान्वियनका लागि सिफारिस गरिएको | |
| १० | आमाबाबु विहिन बालबालिकाको सुविधाका सम्बन्धमा। | कार्यान्वियनको चरणमा रहेको | |
| ११ | जनतासँग मेयर स्वास्थ्य परिक्षण कार्यक्रम सञ्चालन निर्देशिका, २०८१ का सम्बन्धमा। | कार्यान्वियन गरिएको | |
| १२ | प्रमुख प्रशासकीय अधिकृतबाट पेश भएको आय व्यय विवरण अनुमोदन गर्ने सम्बन्धमा। | समिक्षा तथा छलफल गरिएको | |
| १३ | उपप्रमुखबाट पेश भएको अनुगमन प्रतिवेदन अनुमोदन गर्ने सम्बन्धमा। | समिक्षा तथा छलफल गरिएको | |
| १४ | योजना संशोधन तथा कार्यान्वियनका सम्बन्धमा। | संशोधन गरी कार्यान्वियनको चरणमा रहेको | |
| १५ | नयाँ ट्र्याक निर्माण सम्बन्धी योजना सम्झौता तथा कार्यान्वियन गर्ने सम्बन्धमा। | संशोधन गरी कार्यान्वियनको चरणमा रहेको | |
| १६ | खानेपानी आयोजना माग गर्ने सम्बन्धमा। | खानेपानी तथा ढल व्यवस्थापन विभाग पानीपोखरी, काठमाडौंमा सिफारिस गरिएको | |
| १७ | शिक्षक सरुवा/पदस्थापनाका सम्बन्धमा। | कार्यान्वियन भएको | |
| १८ | विविध शीर्षकमा बचत भएको रकम अन्य सार्वजनिक निर्माण शीर्षकमा रकमान्तर गर्ने सम्बन्धमा। | संशोधन गरी कार्यान्वियनको चरणमा रहेको | |
| १९ | योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने सम्बन्धमा:, | संशोधन गरी कार्यान्वियनको चरणमा रहेको | |
| २० | अघिल्लो कार्यपालिकाको बैठकका निर्णयहरु समिक्षा गर्ने सम्बन्धमा। | कार्यान्वियन गरिएको | |
| २१ | अन्य विविध विषयहरुका सम्बन्धमा। | | |

| | | | |
|---|---|---|---|
| | क. सिटि हलको दैनिक हल भाडा तोक्ने सम्बन्धमा। | कार्यान्वयन गरिएको | |
| | ख. संकोष मा.वि. शैक्षिक अनुदानका सम्बन्धमा। | कार्यान्वयनको चरणमा रहेको | |
| | ग. सरस्वती मा.वि.शैक्षिक अनुदानका सम्बन्धमा। | कार्यान्वयनको चरणमा रहेको | |
| | घ. प्रधानमन्त्री रोजगार संयोजकको पद पूर्तिका लागि पदपूर्ति समिति गठन गर्ने सम्बन्धमा। | कार्यान्वयनको चरणमा रहेको | |